**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २८ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- विदेशमन्त्री एस. जयशंकरले अबुधाबीमा आयोजित पहिलो रायसीना संवादमा भारत–मध्यपूर्व सम्बन्धको बढ्दो महत्वमा जोड दिनुभएको छ ।

- महाकुम्भको दोस्रो अमृत स्नान भोलि प्रयागराजमा मौनी अमावस्याको अवसरमा हुनेछ।

- आरजी कर अस्पतालमा भएको आर्थिक भ्रष्टाचारको मुद्दाको सुनुवाइ चाँडै शुरु हुनेछ।

- पश्चिम बंगाल स्वास्थ्य विभागले राज्यमा गिलेन-बारे सिण्ड्रोम लाई लिएर डराउने आवश्यकता नरहेको बताएको छ।

- गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको आयोजनामा जीटीए क्षेत्रका युवाहरूलाई लिएर मिरिकको गोर्खा रङ्गमञ्च भवनमा सप्ताहव्यापी चलचित्र निर्माण कार्यशालाको शुरुवात भएको छ ।

- यङ शटलर्स दार्जिलिङले नवौं जोरथाङ ओपन ब्याडमिन्टन च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गरेको छ ।

**विदेशमन्त्री एस जयशंकर—भारत -वैश्विक**

विदेशमन्त्री एस. जयशंकरले अबुधाबीमा आयोजित पहिलो रायसीना संवादमा भारत–मध्यपूर्व सम्बन्धको बढ्दो महत्वमा जोड दिनुभएको छ । व्यापार, सम्पर्क र सांस्कृतिक सम्बन्धमा एक दशक लामो वृद्धिको चर्चा गर्नुहुदै उहाँले आजको बदलिँदो विश्व परिदृश्यमा साझेदारी महत्वपूर्ण रहेको बताउनु भएको छ। डा. जयशंकरले प्रधानमन्त्री श्री मोदीको दूरदृष्टिको स्मरण गर्नुभयो जसले रायसीना संवादको जन्म दियो, जसले वैश्विक चर्चाहरूमा भारतको भूमिकालाई अघि बढाउँन सफल बन्यो। उहाँले अमेरिका–चीन प्रतिस्पर्धा र डिजिटल अर्थव्यवस्थाको उदय लगायत वैश्विक प्रवृत्तिहरूको रूपरेखा प्रस्तुत गर्दै लचिलो साझेदारीको वकालत गर्नुभएको छ । श्री जयशंकरले भारत–मध्यपूर्व–युरोप आर्थिक करिडोर जस्ता पहल मार्फत सम्पर्कमा जोड दिनुहुदै खाद्य सुरक्षा, नवीकरणीय ऊर्जा र प्रविधिजस्ता क्षेत्रमा सहयोग माथी जोड दिनुभएको छ।

****** ० ******

**महाकुम्भ- दोस्रो अमृत स्नान**

महाकुम्भको दोस्रो अमृत स्नान भोलि प्रयागराजमा मौनी अमावस्याको अवसरमा हुनेछ। मौनी अमावस्याको महत्वपूर्ण धार्मिक महत्व रहेको र यस दिन गरिने अमृत स्नान अत्यन्त शुभ मानिन्छ। विश्वको सबैभन्दा ठूलो धार्मिक जमघटको रूपमा चिनिने महाकुम्भ मेला १३ जनवरीमा शुरु भएको थियो र पहिलो अमृत स्नान १४ जनवरी मकर संक्रान्तिमा भएको थियो। मौनी अमावस्या स्नानका लागि प्रयागराजमा लाखौं भक्तजन र पर्यटकहरू जम्मा भएपछि मेला प्रशासन र पुलिस प्रशासनले भक्तजनहरूका लागि सुरक्षित र आरामदायी अनुभव सुनिश्चित गर्न सुरक्षा उपायहरू को व्यवस्था गरेको छ।

****** ० ******

**बीटिंग रिट्रीट समारोह**

गणतन्त्र दिवसको समापन समारोह -बीटिंग रिट्रीट भोलि नया  दिल्लीको  विजय चौकमा आयोजना गरिनेछ । रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस वर्ष ३० वटा प्रस्तुतिले सेना, नौसेना, वायु सेना र केन्द्रीय सशस्त्र पुलिस बलका ब्यान्डहरूको फुट ट्यापिङ सङ्गीतले दर्शकलाई मोहित पार्नेछ । समारोहमा राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति जगदीप धनखड़, प्रधानमन्त्री नरेन्द्र मोदी, रक्षामन्त्री राजनाथ सिंह र अन्य केन्द्रीय मन्त्रीहरू उपस्थित रहनुहुनेछ ।

****** ० ******

## आरजी कर अस्पताल -आर्थिक भ्रष्टाचार

आरजी कर अस्पतालमा भएको आर्थिक भ्रष्टाचारको मुद्दाको सुनुवाइ चाँडै शुरु हुनेछ । सीबीआईले हिज  कलकत्ता उच्च अदालतमा यो जानकारी दिएको हो । न्यायाधीश तीर्थंकर घोषको अध्यक्षतामा रहेको पीठसमक्ष सुनुवाइको  क्रममा सीबीआईले यस मामिलाको जाच  लगभग पूरा भएको बताएको थियो। आरजी कर अस्पतालका पूर्व डेपुटी सुपरिटेन्डेन्ट अख्तर अलीले पहिलो पटक यो मुद्दाको उजागर  गरेका थिए । सीबीआईले  न्यायालयामा सीलबंद रिपोर्ट पनि पेश गरेको छ  यसका साथै प्रवर्तन निदेशालय (ईडी) ले पनि यस घटनाको जाच जारी रहेको बताएको छ । न्यायमूर्ति घोषले ईडी लाई चाडै जाच पुरा गर्ने निर्देश दिएको छ । सीबीआईले तीन वर्षभन्दा अधिक  समयदेखि अस्पतालमा आर्थिक भ्रष्टाचार जारी रहेको बताएको छ । मुख्य अभियुक्त आरजी कर अस्पतालका पूर्व प्राचार्य  सन्दिप घोष हुन्, जसलाई आफ्नो 'नजिकका सहयोगीहरू' लाई टेन्डर प्राप्त गरेको आरोप लगाइएको छ। सीबीआईले २९ नोभेम्बर -२०२४ मा अलीपुर न्यायालयमा आरोपपत्र दर्ता गरेको थियो । यसमा सन्दिप घोष बाहेक अन्य चार अभियुक्तको नाम पनि समावेश गरिएको छ । पक्राउ पर्नेहरुमा विप्लव सिंह, अफसर अली, सुमन हाजरा र आशिष पाण्डे रहेका छन् । पक्राउ परेका सबै जना अहिले जेलमा छन् ।

****** ० ******

## पश्चिम बङ्गाल -गिलेन सिन्ड्रोम

महाराष्ट्रमा गिलेन-बारे सिण्ड्रोम (जीबीएस)-बाट एकजनाको मृत्यु अनि 110 वटा संदिग्ध मामिला रहेको खबर बीच पश्चिम बंगाल स्वास्थ्य विभागले राज्यमा यस न्यूरोलोजिकल बिमारीलाई लिएर डराउने आवश्यकता नरहेको बताएको छ।राज्यका स्वास्थ्य सचिव नारायण स्वरूप निगमले आफ्नो बयानमा भन्नुभएको छ - गिलेन-बारे सिण्ड्रोम कुनै नौलो बिमार होइन। पहिला पनि यसका छुटपुट मामिलाहरू प्रकाशमा  आइसकेका छन्। पश्चिम बंगालमा दिसम्बर, 2024-पछिदेखि यस बिमारीको कुनै नयाँ मामिला सामु आएको छैन।
निगमले भन्नुभयो -, विश्व स्वास्थ्य संगठनले पनि यस कुराको पुष्टि गरेको छ, राज्यमा स्थिति नियन्त्रणमा छ। यो बिमारले आम रूपमा 15 वर्षदेखि मुनिका बाल-बालिकाहरूलाई प्रभावित पार्छ। तथापि राज्यको स्वास्थ्य विभागले स्थितिमाथि निगरानी राखिरहेको छ।

****** ० ******

## मिरिक -जीटिए -पत्रकारिता कार्यशाला

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले जीटीए क्षेत्रका  युवाहरूलाई लिएर मिरिकको गोर्खा रङ्गमञ्च भवनको गोपाल योञ्जन प्रेक्षागृहमा सप्ताहव्यापी चलचित्र निर्माण कार्यशाला हिज देखि  शुरु  भएको  छ 1 यसबारे पत्रकारहरूलाई जानकारी दिनुहुदै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा  युवा शक्ति केन्द्रिय समितिका उपाध्यक्ष अनुप गदाल अनि मिरिक महकुमाका जनसम्पर्क अधिकारी विवेक गोलेले कार्यशालाको प्रथम दिन परिचय आदान प्रदान अनि चलचित्र प्रदर्शन गरिएको र आज  दोस्रो दिनको प्रथम सत्रमा पत्रकारिता बारे प्रशिक्षाणार्थीहरूलाई प्रशिक्षण दिइएको जानकरी दिनुभएको छ 1 आगामी 2 फरवरीसम्म चलचित्र अनि पत्रकारिताबारे विस्तृत रूपमा शिविर जारी रहने र  यस कार्यशालाले चलचित्र  निर्माण, स्क्रिप्ट लेखन, छायांकन, सम्पादन, र मिडिया सम्बन्धी आधारभूत कौशल  प्रदान गर्ने उद्देश्य राखेको उहाँले बताउनु भएको छ  छ।  कार्यशालामा सहभागीहरूलाई प्रशिक्षण को समाप्ति पछी प्रमाणपत्र प्रदान गरिनेछ ।  चलचित्र  निर्माण र मिडियाको महत्त्वलाई ध्यानमा राख्दै जीटीएले स्थानीय स्तरमा यस्ता कार्यक्रमहरू आयोजना गर्दै आएको छ।

****** ० ******

**मिरिक – सडक सुरक्षा कार्यक्रम**

सर्वसाधारणमा सडक सुरक्षा सम्बन्धी चेतना र शिक्षा प्रवर्द्धन गर्ने उद्देश्यले मिरिक बस स्ट्यान्डमा सडक सुरक्षा कार्यक्रम आयोजना गरियो ।कार्यक्रममा मिरिक महकुमा अधिकारी तेन्जिन सेम्की ओगेन, ट्राफिक ओसी, र अन्य गणमान्य व्यक्तिहरू उपस्थित थिए। । कार्यक्रममा जिम्मेवार ड्राइभिङ, ट्राफिक नियमहरूको पालना र पैदल यात्रीहरूको सुरक्षा सुनिश्चित गर्ने महत्त्वलाई जोड दिईएको थियो । यस अवसरमा लापरवाही ढंगमा वाहन चलाउँदा हुने दुर्घटना र सुरक्षित ड्राइभिङको बानी अपनाउदा हुने फाइदाबारे पनि उपस्थित चालकहरूलाई जानकारी गराइएको थियो।

****** ० ******

**सुकेपोखरी खण्ड -पुस्तकालय -उद्घाटन**

सुकेपोखरी खण्ड अन्तर्गत गोपालधारा फाटक स्थित स्वाधीनता सेनानी कृष्ण बहादुर सुनवार मुखियाको शालिग परिसरमा स्व सीबी राई स्मृति मिनी पुस्तकालयको शुरुवात गरिएको छ I ग्रामवासी विद्यार्थी र पुस्तक प्रेमीहरूको निम्ति प्रा. कवीर बस्नेतको पहलमा पुस्तक पढने संस्कृतिलाई प्रोत्साहन दिनको निम्ति यस पुस्तकालयको उद्घाटन गरिएको जानकारी साहित्यकार माधव बुढाथोकीले दिनुभएको छ I उहाँले पुस्तकालयबाट निःशुल्क पुस्तक लिएर पढन सक्ने बताउँनुहुदै यसको संरक्षण र विकाशको निम्ति पुस्तक दान गर्ने पुस्तकप्रेमीहरुलाई आग्रह गर्नुभएको छ ।

****** ० ******

**तुङसुङ- पुल निर्माण – तनाउ**

तुङसुङमा बनिन्दै गरेको पुल निर्माणको कार्य बन्द गराउन प्रशासन पुगे पछि आज बिहान क्षेत्रको माहौल तनाउपूर्ण बनेको जानकारी प्राप्त भएको छ I स्थानीय जनताले क्षेत्रमा श्रमदानले बन्दै गरेको उक्त पुल को निर्माण कार्यलाई रोक्न नहुने बताउदै तर्कतर्की भएपछि माहौल तनावपूर्ण बनेको खबर प्राप्त भएको छ । स्थानीय ३२ वटा समाजहरु अनि अजय एडवर्ड्सको सहयोगमा निर्माण हुदै गरेको पुलले घुम जोरबंगलो समष्टि अन्तर्गत तुंगसुंग क्षेत्र र पोख्रेबुङ चामोङ समष्टिका समरिकपानी क्षेत्रलाई जोड्ने स्थानीय नागरिकहरुले बताएका छन् ।

****** ० ******

**दार्जीलिंग -नेपाली भजन ' जय जय दुर्गे भवानी**

माता दुर्गा भवानीको नेपाली भजन ' जय जय दुर्गे भवानी ' को आज विधिवत विमोचन गरिएको छ। भीम राज राई को शब्द संगीत अनि आवाज मा तयार पारिएको यस भजन दार्जीलिङ को म्यूजिक ग्यालरी रेकर्डिङ स्टुडियो मा रेकर्ड गरिएको हो भने यस मा संगित संयोजना बिनय सेवाले गरेका छन् । भजन मा शिवकृती मुखिया ,श्रीष्टी प्रधान ,सोभित शंकर र शिवन मुखियाको पनि आवाज रहेको छ।

****** ० ******

**दार्जिलिङ -यङ शटलर्स**

यङ शटलर्स दार्जिलिङले नवौं जोरथाङ ओपन ब्याडमिन्टन च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गरेको छ । २३ जनवरी देखि २६ जनवरी सम्म आयोजित ९ औं जोरथाङ ओपन ब्याडमिन्टन च्याम्पियनसिप २०२५ मा यंग शटलर्स दार्जिलिङले दुई स्वर्ण र दुई रजत पदक जित्न सफल बनेको छ ।नेपाल, आसाम, सिक्किम लगायत विभिन्न क्षेत्रका लगभग ३ सय ८९ खेलाडीहरुले यस प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए जस मध्ये यांग शटलर्सका ४२ खेलाडीहरूको टोली पनि सामेल थियो । जसमध्ये चार खेलाडीहरु फाइनलमा पुगे। जसमा सौरभ विश्वकर्मा ले -सिक्किमका खेलाडीलाई पराजित गर्दै पुरुष एकल च्याम्पियन बन्न सफल बने । यसरी नै प्रियंका प्रधान नेपालको राष्ट्रिय च्याम्पियनलाई पराजित गर्दै अन्डर १५ गर्ल्स एकल च्याम्पियन बन्न सफल भयो ।यसरी नै अभिनव प्रधान अन्डर -१७ मा उपविजेता बन्यो भने देवाकर कार्की – अन्डर-१९ एकलमा उपविजेता बन्न सफल भयो ।

****** ० ******

**खर्सांग -फुटबल**

जीटीएको युवा मामिला अनि खेलकुद विभाग एव खरसाङ महकुमा खेलकुद संघको आयोजनामा भईरहेको प्रतिष्ठित शहीद गोल्ड कप फूटबल टुर्नामेण्टमा गड़वाल राइफल्स, कलकत्ता सेमिफाइनलमा प्रवेश गरेको छ। आज भएको चौथो क्वार्टर फाइनल म्याचमा गड़वाल राइफल्स, कलकत्ताले कनकाई स्पोर्टिंग क्लब नेपाललाई पेनल्टी शूटआउटमा 5-4 को अन्तरले ले जितेर सेमी फाइनलमा प्रवेश गरेको छ।

****** ० ******